# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

## दोस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५/०९/०८**

सञ्चालक समितिको मिति २०७५/०९/०६ को तेईसौं बैठकबाट यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले सम्पूर्ण शेयरधनीको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मिति:** २०७५ पौष २९ गते आइतवार (तदनुसार १३ जनवरी, २०१९) ।

**समय:** अपरान्ह ४:०० बजे ।

**स्थान:** कम्पनीको कार्यालय, ट्रेड टावर दोस्रो तल्ला, थापाथली, काठमाडौं ।

**छलफलका विषयहरु:**

१. दोस्रो वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत गर्ने।

२. कम्पनीको आ.व. २०७४/७५ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरु (अनुसूची समेत) छलफल गरी पारित गर्ने ।

३. आ. व. २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. प्रबन्ध संचालकको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा सम्बन्धमा ।

५. लाभांश तथा कर्मचारी वोनस सम्बन्धमा ।

६. कम्पनीको चुक्तापूँजी बृध्दि गर्ने ।

७. कम्पनीको शेयरपूँजी संरचना परिवर्तन गरी कर्मचारीहरुलाई शेयर दिने ।

८. विशेष प्रस्ताव : कम्पनीको शेयर संरचना सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

९. विविध ।

**आज्ञाले**

**कम्पनी सचिव**